नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प.सं. ०८३।०८४
च.नं. ३४

मितिः २०८३।०४।१२
नेपाल संवत् ११४६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
(प्रेस तथा सूचना समन्वय शाखा)
सिंहदरबार, काठमाडौं।

विषयः सूचनाको हक सम्बन्धी कानून कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को प्रभावकारी कार्यान्वयनका सन्दर्भमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को प्रयोजनको लागि आ.व. २०८२/०८३ को वैशाख देखि असार मसान्त सम्मको अद्यावधिक सूचना यस मन्त्रालयको वेबसाइटमा राखी जानकारीको लागि उक्त सूचनाको एक प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(भूमिनन्द खनाल)
उपसचिव/सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग,
त्रिपुरेश्वर, काठमाडौं।

सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, इमेल : infolaw@moljpa.gov.np
Website : www.moljpa.gov.np

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(आ.व. २०८२/८३ वैशाख देखि असार मसान्तसम्म)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को

प्रयोजनको लागि जारी गरिएको जानकारी

१. निकायको स्वरूप र प्रकृति

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानूनी राज्यको अवधारणा अनुरूप नेपाल कानूनको तर्जुमा, मौजुदा कानूनहरूमा समसामयिक सुधारका लागि संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू गर्नका लागि नेपाल सरकारको केन्द्रीय निकायको रूपमा रहेको छ। यस मन्त्रालयले संसदीय मामिला लगायत नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अध्ययन, अनुसन्धान, पुनरवलोकन र सुधार, कानूनी राय तथा परामर्श प्रदान गर्ने लगायतका कार्य गर्नुका साथै नेपाल न्याय सेवा, न्याय समूह र कानून समूहको सञ्चालन गर्ने केन्द्रीय निकायको समेत आफ्नो जिम्मेवारी वहन गर्दै आइरहेको छ। सङ्गठन स्वरूपको आधारमा यस मन्त्रालय अन्तर्गत विभाग स्तरको एक मात्र कार्यालय न्याय सेवा तालिम केन्द्र बाहेक जिल्ला तथा स्थानीय स्तरमा कुनै पनि कार्यालय रहेका छैनन्। मन्त्रालयको कार्य प्रकृति अनुसार मन्त्रालयबाट आम सर्वसाधारणलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने भन्दा पनि सेवा प्रवाहको लागि उपयुक्त वातावरणको सृजना गर्न आवश्यक कानूनी व्यवस्था गर्ने कार्यमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूलाई सहयोग गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

२. मन्त्रालयका मुख्य मुख्य कामहरू

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम यस मन्त्रालयका कामहरू देहायबमोजिम रहेका छन्:-

१. सङ्घीय विधेयक, अध्यादेश, नियम, गठन आदेश, नेपाल सरकार, मन्त्रिपरिषद्बाट जारी हुने निर्देशिका, कार्यविधि र आदेशको तर्जुमा तथा सहमति,

२. सङ्घीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण,

३. सरकारी तथा गैरसरकारी विधेयक,

४. सार्वजनिक लिखत प्रमाणीकरण,

५. सर्वोच्च अदालत, न्याय परिषद्, न्याय सेवा आयोग, उच्च अदालत, जिल्ला अदालत तथा सङ्घीय कानून अन्तर्गत गठित विशिष्टीकृत अदालत, न्यायाधिकरण र न्यायिक निकाय,

६. कानूनी राय तथा परामर्श,

७. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,

८. नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा फिर्ता, मिलापत्र तथा प्रतिरक्षा,

९. सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानूनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा विषयगत मन्त्रालयलाई परामर्श,

१०. अन्तर्राष्ट्रिय कानूनी विवाद,

११. राष्ट्रिय न्याय प्रणाली, न्याय प्रशासन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून सम्बन्धी अध्ययन, अनुसन्धान,

१२. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्बन्धी परामर्श,

१३. पारस्परिक कानूनी सहायता,

१४. सरकारी आश्वासन तथा सङ्कल्प प्रस्ताव,

१५. फौजदारी तथा देवानी कानून निर्माण, अनुसन्धान तथा पुनरावलोकन,

१६. सङ्घीय कानूनको प्रकाशन तथा वितरण,

१७. सङ्घीय कानूनसँग प्रदेश तथा स्थानीय कानूनको तादम्यता भए नभएको अध्ययन, अनुसन्धान, प्रदेश तथा स्थानीय कानूनको लागि नमुना कानूनको मस्यौदा र समन्वय,

१८. मानव अधिकार र मानवीय कानून,

१९. न्यायमा पहुँच र निःशुल्क कानूनी सहायता, विवाद समाधानका वैकल्पिक उपाय, मेलमिलाप,

२०. कानून व्यवसायी परिषद्,

२१. नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्,

२२. नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धिको अनुवाद,

२३. नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण,

२४. कानूनको एकीकरण र संहिताकरण,

२५. अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको प्रकाशन,

२६. सङ्घीय संसद् कार्यसञ्चालन तथा सम्पर्क,

२७. नेपाल कानून आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक जाँचबुझ आयोग,

२८. सत्य निरूपण तथा मेलमिलाप आयोग,

२९. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग,

३०. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

३१. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

३२. नेपाल न्याय सेवाको न्याय समूह र कानून समूहको सञ्चालन ।

३. मन्त्रालयको दरबन्दीको पद संख्या र पदहरूको कार्य विवरण

मन्त्रालयको स्वीकृत सङ्गठन तालिकाबमोजिम यस मन्त्रालयमा विभिन्न सेवा, समूह र श्रेणीका जम्मा १०५ जना कर्मचारीको स्थायी दरबन्दी रहेको छ । मन्त्रालयमा रहने कर्मचारीको दरबन्दीको विस्तृत विवरण देहायबमोजिम रहेको छः-

क्र.सं.	पद	सेवा/समूह	श्रेणी	संख्या
१.	सचिव	न्याय	रा.प.विशिष्ट	१
२.	सहसचिव	न्याय/कानून	रा.प.प्रथम	६
३.	उपसचिव	न्याय/कानून	रा.प.द्वितीय	१६
४.	शाखा अधिकृत	न्याय/कानून	रा.प.तृतीय	२३
५.	शाखा अधिकृत	प्रशासन/सामान्य प्रशासन	रा.प.तृतीय	१
६.	लेखा अधिकृत	प्रशासन/लेखा	रा.प.तृतीय	१
७.	नायव सुब्बा	न्याय/कानून	रा.प.अनं.प्रथम	१०
८.	लेखापाल	प्रशासन/लेखा	रा.प.अनं.प्रथम	२
९.	लाईब्रेरियन	शिक्षा/पुस्तकालय विज्ञान	रा.प.अनं.प्रथम	१
१०.	सिनियर इलेक्ट्रिसियन	इन्जिनियरिङ्	रा.प.अनं.प्रथम	१
११.	कम्प्युटर अपरेटर	विविध	रा.प.अनं.प्रथम	५
१२.	टाइपिष्ट नायव सुब्बा	प्रशासन/सामान्य प्रशासन	रा.प.अनं.प्रथम	४
१३.	खरिदार	न्याय/कानून	रा.प.अनं.द्वितीय	७
१४.	हलुका सवारी चालक	इन्जिनियरिङ्/मेकानिकल/जनरल मेकानिकल	विहिन	९
१५.	कार्यालय सहयोगी	प्रशासन/सामान्य प्रशासन	विहिन	१८
जम्मा				१०५

मन्त्रालयको सङ्गठन संरचनामा कानून तर्जुमा महाशाखा (क), कानून तर्जुमा महाशाखा (ख), सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय कानून महाशाखा, राय तथा प्रशासन महाशाखा, योजना, अनुसन्धान, अनुगमन, मानव अधिकार तथा कानूनी सहायता महाशाखा र संसदीय मामिला, फैसला कार्यान्वयन तथा पारस्परिक कानूनी सहायता महाशाखा गरी ६ वटा महाशाखाहरू रहेका छन् । महाशाखा तथा शाखा सम्बन्धी विस्तृत विवरण यसै साथ संलग्न अनुसूची-१ मा दिइएको छ ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ ले यस मन्त्रालयबाट जनतालाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने क्षेत्रका कार्यहरू गर्ने गरी कार्य विभाजन नगरेको भएतापनि मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूको विभिन्न निकायहरूबाट प्रदान गरिने सेवाहरूलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका रहेको छ। यस मन्त्रालयले नेपाल सरकार कार्यविभाजन

नियमावलीले निर्दिष्ट गरेबमोजिम नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूलाई कानून तर्जुमा, कानूनी परामर्श, सन्धि, सम्झौता, राय प्रदान गर्ने तथा राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन लगायतका सेवा उपलब्ध गराउँदै आएको छ।

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:

मन्त्रालयबाट कार्य फछर्यौट गर्ने देहायको कामको लागि देहाय बमोजिमका अधिकृतलाई जिम्मेवारी तोकिएको छः-

सि.नं.	कामको संक्षिप्त विवरण	सम्बन्धित शाखा अधिकृत	सम्बन्धित उपसचिव	सम्बन्धित सहसचिव
१.	आन्तरिक तथा आर्थिक प्रशासन	श्री सरिता अधिकारी लेखा अधिकृत श्री खेमनाथ आचार्य	श्री भूमिनन्द खनाल (सूचना अधिकारी)	श्री विनोद कुमार भट्टराई
२.	न्याय प्रशासन	श्री स्मृती सापकोटा	श्री रामप्रसाद लम्साल (गुनासो सुन्ने अधिकारी)	श्री दलबहादुर अधिकारी
३.	कानूनी राय	श्री दिपेश खनाल	श्री अनुशील सापकोटा	श्री मानबहादुर अर्याल
४.	राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन	श्री दिपा जोशी श्री ज्ञानेन्द्र महतो	श्री हरिकृष्ण के.सी.	श्री शुभाष कुमार भट्टराई
५.	कानूनको तर्जुमा सम्बन्धी	श्री सुप्रिया सिलवाल श्री दिपेश खनाल श्री आसरा वैद्य श्री हुमावती ढकाल श्री दिपा जोशी श्री शान्ति वाग्ले श्री महिमा तिमिल्सेना श्री प्रजु डोटेल श्री नविन पौडेल श्री ज्ञानेन्द्र महतो श्री नीरा गिरी श्री अस्मिता अर्याल	श्री रामप्रसाद लम्साल श्री मुना शर्मा श्री लोकहरि कंडेल श्री हरिकृष्ण के.सी. श्री अनुशिल सापकोटा श्री प्रकाश न्यौपाने श्री ईश्वरी प्रसाद आचार्य श्री पिताम्बर भण्डारी	श्री दल बहादुर अधिकारी श्री मानबहादुर अर्याल श्री हुम बहादुर के.सी. श्री विनोद कुमार भट्टराई श्री अरूणा जोशी श्री शुभाष कुमार भट्टराई

६.	अन्तर्राष्ट्रिय कानून तथा सन्धि सम्झौता सम्बन्धी	श्री सरिना रेग्मी श्री सृजना सिंह श्री अद्वैत बराल श्री सुरक्षा खड्का श्री भावना वर्णवाल श्री दीपशिखा वाग्ले	श्री आरती श्रेष्ठ श्री श्रद्धा रिजाल श्री आस्था लम्साल	श्री दल बहादुर अधिकारी श्री विनोद कुमार भट्टराई श्री अरुणा जोशी
७.	योजना, अनुसन्धान, अनुगमन, मानव अधिकार तथा कानूनी सहायता सम्बन्धी	श्री भावना वर्णवाल	श्री अनुशील सापकोटा	श्री अरुणा जोशी
८.	संसदीय मामिला सम्बन्धी	श्री आसरा वैद्य	श्री प्रकाश न्यौपाने	श्री मानबहादुर अर्याल
९.	फैसला कार्यान्वयन	श्री दीपा जोशी श्री ज्ञानेन्द्र महतो	श्री हरिकृष्ण के.सी.	श्री शुभाष कुमार भट्टराई
१०.	पारस्परिक कानूनी सहायता सम्बन्धी	श्री सृजना सिंह श्री अद्वैत बराल	श्री आरती श्रेष्ठ श्री आस्था लम्साल	श्री विनोद कुमार भट्टराई
११.	लिखित जवाफ	श्री दिपेश खनाल श्री स्मृती सापकोटा	श्री भूमिनन्द खनाल	श्री दल बहादुर अधिकारी
१२.	मन्त्रिज्यूको निजी सचिवालय	श्री प्रजु डोटेल		
१३.	सचिवज्यूको सचिवालय	श्री अद्वैत बराल		

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

मन्त्रालयले नेपाल सरकारका अन्य मन्त्रालय तथा निकायहरूलाई मात्र सेवा उपलब्ध गराउने भएकोले मन्त्रालयले उपलब्ध गराउने सेवाको लागि कुनै दस्तुर लाग्दैन।

यस मन्त्रालयमा सम्पूर्ण प्रक्रिया पूरा भएका फाइल प्राप्त हुन आएको अवस्थामा कार्य फछ्यौंट गर्नको लागि देहाय बमोजिमको अवधि निर्धारण गरिएको छः-

क्र.सं.	मुख्य कार्यहरू		काम सम्पन्न गर्न लाग्ने समयावधि
१.	ऐन, अध्यादेश, विधेयक तर्जुमा सहमति प्रदान	(क) सिद्धान्त स्वीकृति	२० दिन
		(ख) नयाँ विधेयक, अध्यादेश तर्जुमा	२५ दिन
		(ग) संशोधन विधेयक तर्जुमा	२० दिन
२.	नियमहरूको तर्जुमा सहमति प्रदान	(क) नयाँ नियमको तर्जुमा	२५ दिन
		(ख) नियम संशोधन तर्जुमा	२० दिन
३.	गठन आदेशको तर्जुमा सहमति प्रदान		२० दिन
४.	कानूनी राय र लिखित जवाफ	(क) कानूनी राय सम्बन्धी (आन्तरिक)	१५ दिन
		(ख) अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, कानून सम्बन्धी	१५ दिन
		(ग) लिखित जवाफ	लिखित जवाफ दिनुपर्ने म्यादभित्र
५.	राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन		७ दिन
६.	जनताका गुनासोहरूको व्यवस्थापन		३ दिन

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

मन्त्रालयले कार्य फछर्यौटको क्रममा सामान्य प्रकृतिका विषयमा सम्बन्धित पत्रमा नै आदेश गरी निर्णयमा पुग्ने र ऐन, नियम, आदेश वा कानूनी राय उपलब्ध गराउने वा कुनै विषयमा मन्त्रालयको धारणा राख्नुपर्ने सन्धि सम्झौताको विषयमा राय दिने जस्ता विषयमा सम्बन्धित शाखाको शाखा अधिकृतबाट टिप्पणी उठाई उपसचिव, सहसचिवको तह हुँदै सचिव तथा विषय अनुसार विभागीय मन्त्रीसम्म र मन्त्रिपरिषद्ले निर्णय गर्नु पर्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पुगेर निर्णय प्रक्रिया सम्पन्न हुन्छ। साथै कतिपय विषयहरू उच्च व्यवस्थापकीय समूहको बैठक (Senior Management Team) बाट पनि निर्णय हुने गरेको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस मन्त्रालयको निर्णय प्रक्रिया सामूहिक प्रकृतिको रहेको हुँदा उजुरी सुन्नको लागि बेग्लै अधिकारीको व्यवस्था गरिएको छैन। यद्यपि कामको सन्दर्भमा कुनै गुनासो वा उजुरी भएमा जुन कर्मचारी वा अधिकृतको कामको विषयमा गुनासो वा उजुरी हो सो भन्दा एक तह माथिको सम्बन्धित अधिकृत वा मन्त्रालयको सचिवसमक्ष गुनासो गर्न सकिन्छ। सूचनाको हकको प्रयोजनको लागि सूचना अधिकारीले गरेको निर्णय उपर भने मन्त्रालयको सचिवसमक्ष उजुरी गर्न सकिने कानूनी व्यवस्था रहेको छ।

९. सम्पादन गरेका कामको विवरण:

२०८३ वैशाख देखि असार मसान्तसम्म मन्त्रालयले सम्पादन गरेका मुख्य मुख्य कामको विवरण देहाय बमोजिम रहेको छः-

- नयाँ विधेयकको लागि सैद्धान्तिक सहमति-७ वटा, नयाँ विधेयक तर्जुमा सहमति-९ वटा, संशोधन विधेयक सहमति-१० वटा, अध्यादेश सहमति-७ वटा, नयाँ नियम सहमति- ५ वटा, संशोधन नियम सहमति- २१ वटा र गठन आदेश- ७ वटा तर्जुमा समेत गरी विभिन्न मन्त्रालयलाई ६६ वटा विषयमा मस्यौदा तर्जुमा तथा सहमति उपलब्ध गराइएको ।
- सात वटा विषयमा कानूनी राय उपलब्ध गराइएको ।
- मन्त्रालयलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर गरिएका विभिन्न ३३ थान मुद्दाको लिखित जवाफ तयार गरी पठाइएको।
- अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, कानून सम्बन्धी विभिन्न विषयमा वैशाख देखि असार मसान्त सम्ममा ३० वटा विषयमा नेपाल सरकारका विभिन्न निकायलाई राय तथा सहमति उपलब्ध गराइएको।
- नेपाल राजपत्रमा प्रकाशन हुने १४० वटा सूचना सम्पादन गरी मुद्रण विभागमा पठाइएको।
- विधायन ऐन बमोजिम देहायका कार्य सम्पादन गरिएकोः-
  १. २०८३ वैशाखदेखि असार मसान्तसम्म प्रत्यायोजित विधायन दर्ता (विधायन ऐनको दफा २४ बमोजिम)
     नियमावली - ६
     कार्यविधि - २५
     विनियमावली - ३
     निर्देशिका - ८
     मापदण्ड-
  २. २०८२ सालमा प्रमाणीकरण भएका ऐन/अध्यादेश अभिलेखका लागि राष्ट्रिय अभिलेखालयमा पठाइएको संख्या -११ वटा

१०. प्रमुख र सूचना अधिकारीको नाम र पद

यस मन्त्रालयमा नेपाल सरकारका सचिव श्री पाराश्वर ढुङ्गाना कार्यालय प्रमुख र आन्तरिक तथा आर्थिक प्रशासन शाखाका उपसचिव श्री भूमिनन्द खनाल सूचना अधिकारीको रूपमा रहनुभएको छ।

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस मन्त्रालयसँग सम्बन्धित ऐन, नियम नेपाल राजपत्रमा प्रकाशित छन् । ऐनहरू नेपाल ऐन सङ्ग्रह खण्ड २ तथा नियमहरू (नियमावली/नियमहरू) नेपाल नियम सङ्ग्रह खण्ड २ र अन्य संहिता लगायतका ऐन नियमहरूसमेत कानून किताब व्यवस्था समितिबाट प्रकाशित हुँदै आएको र विद्युतीय प्रति यस मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गरिएको छ। हाल लागू रहेका नियमावलीहरूको अद्यावधिक गरी प्रकाशन गर्ने कार्यलाई अगाडि

बढाइएको र प्रकाशन भएपछि नियमावलीहरूलाई पनि वेवसाइटमा राखिनेछ। यस मन्त्रालयसँग प्रत्यक्ष रूपमा सम्बन्धित ऐन, नियमको विवरण देहाय बमोजिम छः-

ऐन

१. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०
२. राज्य अदालत उन्मूलन ऐन, २०१७
३. संक्षिप्त कार्यविधि ऐन, २०२८
४. राजस्व न्याधिकरण ऐन, २०३१
५. प्रमाण ऐन, २०३१
६. न्यायिक कोष ऐन, २०४३
७. सर्वोच्च अदालत ऐन, २०४८
८. नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०
९. कानूनी सहायता सम्बन्धी ऐन, २०५४
१०. मध्यस्थता ऐन, २०५५
११. विशेष अदालत ऐन, २०५९
१२. नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३
१३. राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३
१४. नेपाल कानून आयोग ऐन, २०६३
१५. मेलमिलाप सम्बन्धी ऐन, २०६८
१६. पारस्पारिक कानूनी सहायता ऐन, २०७०
१७. बेपत्ता पारिएको व्यक्तिको छाविन सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१
१८. न्याय सेवा आयोग ऐन, २०७३
१९. न्याय प्रशासन ऐन, २०७३
२०. न्याय परिषद् ऐन, २०७३
२१. प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४
२२. उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४
२३. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
२४. मुलुकी देवानी संहिता, २०७४
२५. मुलुकी अपराध संहिता, २०७४
२६. मुलुकी देवानी कार्यविधि संहिता, २०७४,
२७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,

२८. अपराध पीडित संरक्षण ऐन, २०७५
२९. प्रशासकीय अदालत ऐन, २०७६
३०. विधायन ऐन, २०८१

<u>नियमावली (नियमहरूसमेत)</u>

१. अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरू, २०२६ लाई खारेज गर्ने नियमहरू, २०२८
२. राजस्व न्यायाधिकरण नियमावली, २०३०
३. नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरुवा र बढुवा) नियमहरू, २०५१
४. कानूनी सहायता सम्बन्धी नियमावली, २०५५
५. मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९
६. पारस्परिक कानूनी सहायता नियमावली, २०७०
७. मेलमिलाप सम्बन्धी नियमावली, २०७०
८. सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२
९. उच्च अदालत नियमावाली, २०७३
१०. सर्वोच्च अदालत नियमावली, २०७४
११. न्याय परिषद् (कार्यविधि) नियमावली, २०७४
१२. न्याय सेवा आयोग नियमावली, २०७४
१३. मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
१४. कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५
१५. जिल्ला अदालत नियमावली, २०७५
१६. मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५
१७. मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
१८. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
१९. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५
२०. फौजदारी कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५
२१. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
२२. फौजदारी कसुर (कैदकट्टा) नियमावली, २०७६
२३. प्रशासकीय अदालत नियमावली, २०७७
२४. अपराध पीडित संरक्षण नियमावली, २०७७
२५. पारस्परिक कानूनी सहायता नियमावली, २०७९
२६. विशेष अदालत नियमावली, २०८०
२७. बाल अदालत नियमावली, २०८१
२८. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको कोष सञ्चालन नियमावली, २०८२

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार

यस मन्त्रालयको आ.व.०८२।०८३ को आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण यसै साथ संलग्न अनुसूची-२ मा उल्लेख भए बमोजिम रहेको छ।

१३. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमको विवरण

अघिल्लो आ.व. ०८१।०८२ मा संचालित कार्यक्रम र सो को प्रगति विवरण वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको।

१४. वैदेशिक सहायता, ऋण तथा प्राविधिक सहयोगको विवरण

वैदेशिक सहायता, ऋण तथा प्राविधिक सहयोग प्राप्त नभएको।

१५. सञ्चालित कार्यक्रम र सोको प्रगति

२०८३ साल वैशाख देखि असार मसान्तसम्म यस मन्त्रालयबाट सञ्चालित कार्यक्रम

क्र.सं.	आ.व. २०८२/०८३ को वैशाख देखि असार मसान्त सम्मको कार्यक्रम	मिति/ठाउँ
१.	कानूनका कुरा रेडियो कार्यक्रम प्रशारण भइरहेको	सप्ताहमा एकपटक बुधबार
२.	विभिन्न कानून तर्जुमा सम्बन्धी तालिम	न्याय सेवा तालिम केन्द्र
३.	सार्वजनिक खरिद सम्बन्धि क्षमता अभिवृद्धि तालिम	न्याय सेवा तालिम केन्द्र
४.	अन्तर्राष्ट्रिय वार्ता सीप तथा कला अभिवृद्धि तालिम	न्याय सेवा तालिम केन्द्र
५.	अन्तर्राष्ट्रिय सन्धि सम्झौता मस्यौदा सीप विकास तालिम	न्याय सेवा तालिम केन्द्र
६.	कानून अधिकृत सम्मेलन २०८३	२०८३/२/२३ र २४ गते नेपाल प्रशासनिक प्रतिष्ठान
७.	पारस्परिक कानूनी सहायता सम्बन्धमा सरोकारवाला निकायका पदाधिकारीसँग अन्तर्क्रिया	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१६. सूचना प्रकाशन सम्बन्धी विवरण

यस मन्त्रालयबाट प्रदान गर्नुपर्ने सूचनाहरू मन्त्रालयको वेवसाइट तथा सूचनापाटीमा प्रकाशन गर्ने गरिएको छ ।

१७. सूचना माग सम्बन्धी निवेदनको विषय



क.सं	निवेदकको नाम	२०८३ साल वैशाख देखि असार मसान्तसम्म माग गरिएको सूचनाको विषयको सारसंक्षेप
१.	श्री निश्चल बानिया	अन्तराष्ट्रिय नवीकरणीय ऊर्जा प्रमाणपत्र (I-RECs), कार्बन व्यापार विनियम,२०८२ तथा सम्बन्धित नियामकीय विषय सम्बन्धमा।
२.	श्री भेषराज लुइटेल	Ncell कर विवाद सम्बन्धी International Centre for Settlement of Investment Disputes (ICSID) को मध्यस्थता प्रक्रियामा नेपाल सरकारका तर्फबाट नियुक्त Foley Hoag LLP तथा Chhetry & Associates, P.C. सँग सम्बन्धित कागजात तथा विवरण सम्बन्धमा।
३.	श्री रोशन आउजी	१.नेपालमा जवरजस्ती करणी मुद्दामा कानूनी करणीको अवधारणा छ, जुन कि नाबालिकासँग हुने सहमतिमा होस अथवा असहमतिमा होस दुवैलाई करणीको श्रेणीमा राखिन्छ। यस्तो कानूनले संविधानद्वारा प्रदत्त मौलिक हक न्याय सम्बन्धि हकको अवधारणालाई साकार पारे नपारेको सम्बन्धमा। केटा र केटी नाबालिक भएको र दुवैले सहमतिमा सम्बन्ध राखेको अवस्थामा मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९ बमोजिम नाबालकलाई सजाय हुने व्यवस्था रहेकोमा यसरी सहमतिमा दुवै नाबालिकले गरेको कार्यमा एकलाई पिडित र अर्कोलाई पिडक मान्नुले संविधानको भावना र मर्मलाई संरक्षण गर्ने नगर्ने सम्बन्धमा। २. Immature व्यक्तिहरू बिच असमानता कायम राख्नु नेपाल जस्तो विधिको शासन र न्यायमा विश्वास गर्ने देशमा कायम राख्नु उचित छ भन्ने सम्बन्धमा भन्ने समेत।
४.	श्री हरिनारायण श्रेष्ठ	१.व्यक्तिगत जग्गा हालसाविक हुन नसकेको अवस्थामा उक्त जग्गामाथि हकभोग/हकअधिकार समाप्त नहुने हुँदा नेपालको संविधानको धारा २५ को उपधारा १ मा भएको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नमा कुनै ऐन, कानूनले बाधा अड्चन पुर्याउन सक्छ/सक्दैन भन्ने सम्बन्धमा।
५.	श्री उत्सव भुर्तेल	विधायन ऐन, २०८१ को दफा ३५ को उपदफा १ बमोजिम सो ऐन प्रारम्भ भएको मितिले एकवर्षभित्र सोहि ऐन बमोजिम कानून मन्त्रालयमा दर्ता गरिएका सो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानूनबमोजिम जारी भई नेपाल राजपत्रमा प्रकाशन नभएका प्रत्यायोजित विधायनको नाम, दर्ता नम्बर, दर्ता मिति र त्यस्तो विधायन जारी गर्न अधिकार प्रत्यायोजन गर्ने संघीय ऐन र त्यसको सम्बन्धित दफा प्रत्यायोजित विधायन स्वीकृत गर्ने अधिकारी वा निकाय सहितको पूर्ण सूची माग सम्बन्धमा।

१८. सम्पर्क ठेगाना

यस मन्त्रालयसँग सम्बन्धित विषयमा थप जानकारी चाहिएमा मन्त्रालयको वेवसाइट www.moljpa.gov.np मा हेर्न वा कुनै समस्या, सुझाव भएमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार, काठमाडौं।

पोष्टबक्स नम्बरः-

फोन नम्बरः- ९७७-१-४२००२२५, ९७७-१-४२११९८७,

इमेलः- infolaw@moljpa.gov.np

वेवसाइटः- www.moljpa.gov.np

अनुसूची (१)

विभिन्न पदहरूको कार्य विवरण

(क्र.सं. ३ सँग सम्बन्धित)

१. सहसचिव, कानून तर्जुमा महाशाखा (क) र (ख)

- सार्वजनिक नीति कार्यान्वयनका सन्दर्भमा राज्यलाई नयाँ कानून आवश्यक पर्ने नपर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने तथा नयाँ ऐन निर्माण गर्नु पर्ने भएमा सो सम्बन्धमा सैद्धान्तिक सहमति प्रदान गर्न कानून तर्जुमा महाशाखा (क) (अदालत, न्याय प्रशासन, संवैधानिक निकाय, सामाजिक विकास तथा अन्य महाशाखा) र कानून तर्जुमा महाशाखा (ख) (अर्थ, उद्योग, वाणिज्य, योजना र सुरक्षा सम्बन्धी महाशाखा)
- ऐन, अध्यादेश, नियम र गठन आदेशको मस्यौदा तर्जुमा गर्ने।
- ऐन, अध्यादेश, नियम र गठन आदेशका सम्बन्धमा परामर्श दिने।
- कानूनी राज्यको अवधारणालाई व्यवहारमा हस्तान्तरण गर्न प्रचलित नेपाल कानूनको पुनरवलोकन गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा प्रचलित कानूनमा सुधार गर्न आवश्यकता अनुसार कार्यदल गठन गरी अध्ययन गर्ने, गराउने।
- कानूनको एकीकरण र संहिताकरण सम्बन्धी कार्य गर्ने गराउने।
- राष्ट्रको सर्वाङ्गीण विकासको लागि समुचित कानूनी पूर्वाधार निर्माण गर्ने, गराउने।
- संसदका समितिहरूमा उपस्थित भई सरकारी विधेयक र गैरसरकारी विधेयकमा सरकारको धारणा राख्ने।
- ऐन तथा अध्यादेशको प्रमाणीकरणको लागि प्रति तयार गर्ने तथा प्रमाणीकरण भएपछि नेपाल राजपत्रमा प्रकाशनार्थ आवश्यक काम गर्ने।
- कानून र न्याय विषयमा आवश्यकताअनुसार बैठक, गोष्ठी, सेमिनार, अन्तरक्रिया आयोजना गर्ने।
- महाशाखाका कामकारवाहीको अभिलेख राख्न लगाउने।
- मातहतका अधिकृतहरूको सुपरीवेक्षण तथा कामको बाँडफाँड गर्ने।

२. सहसचिव, सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय कानून महाशाखा

- नेपाल वा नेपाल सरकार पक्ष भई सम्पन्न हुने सन्धि सम्झौताको मस्यौदा जाँच गरी मस्यौदामा आफ्नो राय सहित सचिवसमक्ष पेस गर्ने ।
- अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूसँग सम्पन्न भएका ऋण सम्झौतालाई प्रभावकारी बनाउन आवश्यक पूर्वशर्त तयार भए नभएको जाँची त्यस्ता संस्थाहरूलाई प्रदान गर्ने कानूनी रायको लागि आफ्नो राय सचिवसमक्ष पेस गर्ने ।
- सन्धि सम्झौता गर्ने, अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाको सदस्यता प्राप्त गर्ने जस्ता विषयमा अख्तियारी लिनु पूर्व नेपालको सन्दर्भमा त्यस्ता सन्धि, सम्झौताको औचित्य र आवश्यकता, नेपालले व्यहोर्नु पर्ने अन्तर्राष्ट्रिय कानूनी दायित्व लागायतका विषयमा आफ्नो राय सचिवसमक्ष पेस गर्ने ।
- नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू बमोजिम नेपाल सरकारले पठाउनुपर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरू तयार गर्ने तथा त्यसमा राय सुझाव दिने ।

- नेपाल पक्ष भएका सन्धि, सम्झौताहरू नेपाल राजपत्रमा प्रकाशन गराउने ।
- नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धि, सम्झौताहरू केन्द्रीय अभिलेखालयको रूपमा त्यस्ता सन्धि सम्झौताहरूको सक्कल प्रतिको अभिलेख राख्ने राख्न लगाउने ।
- नेपाल वा नेपाल सरकार पक्ष बन्ने सन्धि सम्झौताको निर्माणको विभिन्न चरणमा हुने वार्ता लगायतका सबै कार्यहरूमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने ।
- सन्धि सङ्ग्रहको शृङ्खला प्रकाशन गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरूको सुपरीवेक्षण गर्ने ।

३. सहसचिव, राय तथा प्रशासन महाशाखा

- कानून, न्याय तथा संसदीय मामिला मन्त्री र मन्त्रालयलाई विपक्षी बनाई अदालतमा दायर गरिएको रिट निवेदनको लिखित जवाफ तयार गर्न लगाई जाँच तथा परिमार्जन गरी सचिवसमक्ष पेस गर्ने ।
- कानूनको कार्यान्वयन गर्दा कुनै प्रकारको कानूनी अड्चन वा द्विविधा उत्पन्न भई राय माग भएको विषयमा आफ्नो राय सचिवसमक्ष पेस गर्ने ।
- नेपाल न्याय सेवाको सञ्चालन सम्बन्धी काम गर्ने ।
- मन्त्रालयका महाशाखा, शाखाहरू र अन्तर्गतका निकायहरूबीच समन्वय गर्ने ।
- मन्त्रालयको आन्तरिक र आर्थिक प्रशासन सञ्चालन गर्ने, गराउने ।
- मन्त्रालयको वार्षिक बजेट तर्जुमा एवम् बजेट सम्बन्धी काम गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरूको सुपरीवेक्षण गर्ने ।

४. सहसचिव, योजना, अनुसन्धान, अनुगमन, मानव अधिकार तथा कानूनी सहायता महाशाखा

- कानून र न्यायको क्षेत्रमा गरिने अध्ययन अनुसन्धानलाई प्राथमिकीकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने गराउने।
- आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत योजना कार्यान्वयन गर्ने, गराउने।
- जनशक्ति विकास सम्बन्धी कार्य गर्ने।

५. सहसचिव, संसदीय मामिला, फैसला कार्यान्वयन तथा पारस्परिक कानूनी सहायता महाशाखा

- सङ्घीय संसदको बैठकको आव्हान, अन्त्य, विघटन सम्बन्धी प्रकृयागत कार्य गर्ने।
- सङ्घीय संसद सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गरी स्वीकृतिको लागि सचिवसमक्ष पेस गर्ने।
- सङ्घीय संसदमा सरकारी तथा गैरसरकारी विधेयक प्रस्तुत गर्ने सम्पर्क मन्त्रालयको रूपमा कार्य गर्ने।
- अन्तर-व्यवस्थापिका सङ्घ सम्बन्धी कार्य गर्ने।
- संविधानको संशोधन विधेयक प्रस्तुति, संविधान पारित सम्बन्धी प्रकृया र प्राप्त ज्ञापनपत्रहरू सम्बन्धमा आवश्यक काम गर्ने।
- मातहत कर्मचारीको सुपरीवेक्षण गर्ने।

६. उपसचिव, कानून तर्जुमा शाखा

- नेपाल सरकारका विभिन्न मन्त्रालयबाट ऐन तथा अध्यादेश बनाउने सम्बन्धमा राय परामर्श माग भएमा आफ्नो राय परामर्श महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- नेपाल सरकारका विभिन्न मन्त्रालयबाट प्राप्त हुन आएका विधेयक, अध्यादेश, गठन आदेश तथा नियमावलीको मस्यौदामा रहेका अस्पष्टताका सम्बन्धमा आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञलाई बोलाई छलफल गर्ने।
- नयाँ बन्ने अध्यादेश तथा ऐनमा सैद्धान्तिक सहमति दिने वा नदिने विषयमा महाशाखा प्रमुख समक्ष राय पेस गर्ने।
- नेपाल सरकारका विभिन्न मन्त्रालयबाट प्राप्त हुन आएका विधेयक, अध्यादेश, गठन आदेश तथा नियमावलीका प्रारम्भिक मस्यौदा जाँच तथा परिमार्जन गरी महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- ऐन तथा अध्यादेशको प्रमाणीकरणको प्रति तयार गर्ने तथा प्रमाणीकरण भएपछि नेपाल राजपत्रमा प्रकाशनार्थ आवश्यक काम गर्ने गराउने।
- सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा जारी भएका निर्देशनात्मक आदेशमध्ये यस मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने भनी प्राप्त भएका आदेश वा फैसलाको अभिलेख राख्ने तथा फैसलाको कार्यान्वयन सम्बन्धी काम गर्ने।
- मातहतका अधिकृतहरूको सुपरीवेक्षण गर्ने।

७. उपसचिव, सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय कानून महाशाखा

- नेपाल वा नेपाल सरकार पक्ष हुने द्विपक्षीय सम्झौताको मस्यौदा गर्ने, जाँच्ने, परिमार्जन गर्ने तथा महाशाखा प्रमुखसमक्ष राय पेस गर्ने।
- कुनै बहुपक्षीय सन्धिमा नेपाल पक्ष बन्ने सम्बन्धमा तथा पक्ष भए पछि अपनाउनु पर्ने कानूनी तथा अन्य उपायहरूका सम्बन्धमा आफ्नो राय महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसँग सम्पन्न भएका ऋण सम्झौतालाई प्रभावकारी बनाउन आवश्यक पूर्वशर्त तयार भए नभएको जाँची त्यस्ता संस्थाहरूलाई प्रदान गर्ने कानूनी रायको लागि आफ्नो राय सहित महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- नेपाल वा नेपाल सरकार पक्ष बन्ने ऋण सम्झौता लगायतका द्विपक्षीय सम्झौता तथा बहुपक्षीय सन्धिहरूको सम्बन्धमा वार्ता गर्ने तथा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने।
- सार्वजनिक तथा निजी अन्तर्राष्ट्रिय कानूनको विषयमा महाशाखा प्रमुखसमक्ष राय पेस गर्ने।
- नेपाल पक्ष भएका सन्धि, सम्झौताहरू नेपाल राजपत्रमा प्रकाशन गराउने सम्बन्धमा आवश्यक काम गर्ने।
- नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धि, सम्झौताहरूको केन्द्रीय अभिलेखालयको रूपमा सन्धि सम्झौताहरूको सक्कल प्रतिको अभिलेख राख्न लगाउने।
- नेपाल वा नेपाल सरकार पक्ष बन्ने सन्धि सम्झौताको निर्माणको विभिन्न चरणमा हुने वार्ता लगायतका सबै कार्यहरूमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने।

- सन्धि सङ्ग्रहको शृङ्खला प्रकाशन गर्ने, गराउने।
- मातहतका कर्मचारीहरूको सुपरीवेक्षण गर्ने।

८ उपसचिव, राय तथा राजपत्र शाखा

- नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरूको सम्पादन गरी स्वीकृतिको लागि महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- विभिन्न मन्त्रालयबाट कानूनी प्रश्नमा राय माग गरिएको विषयमा आफ्नो राय सहित फाइल महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्री र मन्त्रालयलाई विपक्षी बनाई अदालतमा दायर गरिएको रिट निवेदनमा लिखित जवाफ तयार गरी महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- ऐन तथा अध्यादेशको प्रमाणीकरण पछि नेपाल राजपत्रमा प्रकाशनार्थ पठाउने।
- वर्षभरीमा नेपाल राजपत्रमा प्रकाशित सूचनाहरूको सूची भएको परिशिष्टाङ्क तयार गर्ने।

९. उपसचिव, न्याय प्रशासन शाखा

- न्याय सेवाका न्याय र कानून समूहका राजपत्राङ्कित पदहरूमा नियुक्ति, सरुवा, बढुवा तथा तत्सम्बन्धी विषयमा आवश्यक कारवाही गरी महाशाखा प्रमुख समक्ष पेस गर्ने।
- न्याय सेवाका न्याय र कानून समूहका राजपत्राङ्कित पदहरूमा अवकाश, विभागीय सजाय तथा तत्सम्बन्धी विषयमा आवश्यक कारवाहीको लागि राय महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- न्याय सेवाका न्याय र कानून समूहका राजपत्राङ्कित तथा राजपत्र अनङ्कित कर्मचारीहरूको पद सृजना गर्ने तथा पदपूर्तिको लागि सम्बन्धित निकायमा लेखिपठाउने।
- सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, न्याय परिषद्, न्याय सेवा आयोग तथा विशेष अदालतसँग सम्बन्धित न्याय प्रशासन सम्बन्धी आवश्यक काम कारबाही गर्ने।
- सरकारी मुद्दा फिर्ता लिने, मिलापत्र गर्ने सम्बन्धमा आफ्नो राय सहित फाईल महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- न्याय प्रशासन सम्बन्धी प्रस्ताव तयार गरी मन्त्रिपरिषद्को निर्णयको लागि पठाउने स्वीकृतिको लागि महाशाखा प्रमुखसमक्ष पेस गर्ने।

१०. उपसचिव, आन्तरिक तथा आर्थिक प्रशासन शाखा

- मन्त्रालयको आर्थिक एवम् कर्मचारी प्रशासन सम्बन्धी दैनिक प्रशासन सञ्चालन गर्न महाशाखा प्रमुखलाई सघाउने।
- मन्त्रालयका राजपत्र अनङ्कित कर्मचारीहरूको सरुवा, बढुवा, तालिम सम्बन्धी काम गर्ने।
- कर्मचारीलाई प्रदान गरिने प्रोत्साहन पुरस्कार सम्बन्धी काम गर्ने।
- मन्त्रालयका कर्मचारीहरूको हाजिरी, विदा, व्यक्तिगत विवरण अभिलेख अद्यावधिक राख्न लगाउने।
- मन्त्रालयका जिन्सी तथा मालसामानको अभिलेख तथा उपयोगको व्यवस्थापन गर्ने।
- पुस्तकालयको रेखदेख र निरीक्षण गर्ने।
- आर्थिक कारोबार सञ्चालन गर्ने।

- बेरुजु फछर्यौट सम्बन्धी काम गर्ने।
- कर्मचारी प्रशासन, भौतिक प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी अन्य काम गर्ने।

११. उपसचिव, योजना, अनुसन्धान तथा अनुगमन शाखा

- कानून र न्यायको क्षेत्रमा गरिने अध्ययन अनुसन्धानलाई प्राथमिकीकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने गराउने कार्यमा महाशाखा प्रमुखलाई आवश्यक सहयोग गर्ने।
- आवधिक तथा वार्षिक योजना तर्जुमा गरी महाशाखा प्रमुखसमक्ष पेस गर्ने, स्वीकृत योजना कार्यान्वयन गर्ने।
- जनशक्ति विकास सम्बन्धी कार्ययोजना तर्जुमा गर्ने।
- महाशाखा प्रमुखको निर्देशन बमोजिमको योजना तथा अनुगमन र अनुसन्धान सम्बन्धी अन्य कार्य गर्ने।

१२. उपसचिव, मानव अधिकार तथा कानूनी सहायता शाखा

- मानव अधिकारको प्रवर्धन तथा संरक्षण सम्बन्धी कार्य गर्ने।
- निःशुल्क कानूनी सहायता सम्बन्धी कार्य गर्ने।
- महाशाखा प्रमुखको निर्देशन बमोजिमको योजना तथा अनुगमन र अनुसन्धान सम्बन्धी अन्य कार्य गर्ने।

१३. उपसचिव, संसदीय मामिला शाखा

- सङ्घीय संसदको बैठकको आव्हान, अन्त्य विघटनसम्बन्धी प्रकृयागत कार्य महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- सङ्घीय संसद सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गरी राय सहित स्वीकृतिको लागि महाशाखा प्रमुखसमक्ष पेस गर्ने।
- सरकारी आश्वासन तथा सङ्कल्पहरूको कार्यान्वयन सम्बन्धी आवश्यक कार्य गर्ने।
- सङ्घीय संसदका पदाधिकारीहरूको गोष्ठी, सम्मेलन, अध्ययन भ्रमणको अभिलेख राख्ने वा राख्न लगाउने।
- सङ्घीय संसदका कामकारबाहीको अभिलेख राख्ने वा राख्न लगाउने।
- मातहत कर्मचारीको सुपरीवेक्षण गर्ने।

१४. शाखा अधिकृत, कानून तर्जुमा शाखा

